स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



इन्द्रजात्राको छेको पारेर आगामी भदौ २० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रिमै'को शीर्ष गीत सार्वजनिक गरिएको छ। लोकलयमा आधारित गीतमा दीपक शर्माको शब्द रचना तथा कम्पोज रहेको छ भने रिता केसी र अंशु लामा (अश बहादुर गुरुङ) स्वर छ। मौसम हिमालीको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु दयाहाङ राई, रिश्मा गुरुङ, गौमाया गुरुङ नृत्य गर्दै देखिएका छन्।

**आजको विचार...**



विकासका...
(दुई पेजमा)

मधुसुधन पौडेल



तिहारको छेको पारेर आगामी असोज ३१ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'जेरी अन टप'को छायांकन सुरु भएको ६ महिना बढी भइसकेको छ। तर, अझै छायांकन सकिएको छैन। यतिबेला फिल्मको टिम एक गीत खिच्न भारतको राजस्थानमा पर्ने प्रख्यात सहर जयपुर पुगेको छ। छायांकन सेटबाट निर्माण टिमले उपलब्ध गराएको तस्वीरमा फिल्मका मुख्य अभिनेता अनमोल केसी र अभिनेत्री आँचल शर्मालाई रोमान्टिक भावमा देख्न सकिन्छ।

❐ वर्ष ३१ ❐ अंक २९ ❐ २०८२ साउन ३० गते शुक्रबार 15 August 2025, Friday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### कुपोषणका कारण २२७ को मृत्यु

(रासस/सिन्ह्वा)

**संयुक्त राष्ट्रसंघ,** साउन २९/गाजाका स्वास्थ्य अधिकारीहरूले पछिल्ला २४ घण्टामा कुपोषण र भोकमरीका कारण थप पाँच जनाको मृत्यु भएको जानकारी दिएका छन् । यससँगै गत वर्षको अक्टोबर महिनादेखि हालसम्म कुपोषणसम्बन्धी मृत्यु हुनेको संख्या २२७ पुगेको संयुक्त राष्ट्रसंघका महासचिवका प्रवक्ताले मंगलबार जानकारी दिए । संयुक्त राष्ट्रसंघका महासचिवका प्रवक्ता स्टेफान दुजारिकले दैनिक पत्रकार सम्मेलनमा बताएअनुसार, मृत्यु हुनेमध्ये १०३ जना बालबालिका रहेका छन् । विश्व खाद्य कार्यक्रम (वर्ल्ड फुड प्रोग्राम) ले गाजामा अहिलेको अवस्थालाई सैर्ष सुरु भएयताकै सबैभन्दा गम्भीर भोकमरी र कुपोषणको अवस्था भनेको छ । उनले थपे,"यस परिस्थितिमा समेत गाजामा पुग्ने मानवीय सहायता न्यूनतम आवश्यकताभन्दा धेरै कम छ । मानवीय सहायता ढुवानीमा धेरै ढिलाइ र अवरोधहरू भइरहेका छन्, जसले आवश्यक परिमाणमा सहायता पुऱ्याउन संयुक्त राष्ट्रसंघलाई बाधा पुर्याइरहेको छ ।" सोमबार, संयुक्त राष्ट्रसंघले इजरायली अधिकारीहरूसँग समन्वयका लागि १६ वटा सहायता अभियान प्रस्ताव गरेको थियो, जसमा खाना, औषधोपचार सामग्री र इन्धन सङ्कलन जस्ता कार्यहरू समावेश थिए ।

# शिक्षा विधेयकमा प्याब्सन पाल्पाको असन्तुष्टि

## सच्याउन माग गर्दै दवाब सिर्जना

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन २९/निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन, नेपाल (प्याब्सन) पाल्पाले विद्यालय शिक्षा विधेयकका केही प्रावधानप्रति असन्तुष्टि जनाउँदै आन्दोलनमा उत्रिएको छ । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट प्रस्तावित विद्यालय शिक्षा विधेयकमा निजी विद्यालयलाई क्रमश: गैरनाफामूलक बनाउने, पूर्ण छात्रवृत्ति दिने शब्दावली राख्ने, छात्रवृत्तिको दायरा विस्तार गर्ने लगायतका प्रावधान आफूहरूको हितविपरीत भएको भन्दै प्याब्सन चरणवद्ध आन्दोलनमा उत्रिएको हो ।

उसले आन्दोलन स्वरुप विहीबार जिल्लाका दशवटै स्थानीय सरकारका प्रमुख र शिक्षा शाखा प्रमुखलाई ज्ञापनपत्र बुझाएको छ । सम्बन्धित स्थानीय तहका प्याब्सनमार्फत एकै साथ स्थानीय सरकारलाई ज्ञापनपत्र बुझाइएको प्याब्सनका जिल्ला अध्यक्ष डाँसुराम पन्थले बताए । उनले भने" शिक्षा विधेयकमा समावेश गरिएका कानुनी विषयप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । विधेयकमा निजी लगानीमा सञ्चालित



विद्यालयहरूलाई क्रमश: गैरनाफामुलक बनाउँदै लैजाने प्रावधान, २०५८ सालमा सरकारले कम्पनी कानुन बमोजिम सञ्चालन गर्न दिने गरी गरेको कानुनी व्यवस्था विपरित हुनुका साथै, प्रस्तुत विधेयकमा पूर्ण छात्रवृत्ति शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शैक्षिक सामाग्री, पोशाक, यातायात लगायत उपलब्ध गराउनु पर्ने भन्ने विषय कम्पनी कानुनको भावना र मर्म विपरीत छ । राज्यको दायित्वभित्र पर्ने विषयलाई विषयान्तर गरी भ्रमपूर्ण ढंगले सार्वजनिक खपतका लागि कुनै संस्था वा समुदाय विशेषले राज्यले गर्न नसकेको काम गराउनलाई कानुनी व्यवस्था गरिनु अव्यवहारिक, लगानी प्रतिकूल, पूर्वाग्रहले भरिपूर्ण र समग्र क्षेत्रलाई नष्ट गर्ने उद्देश्यबाट लक्षित देखिएकाले यसका विरुद्ध हामी चरणवद्ध रुपमा आन्दोलनमा उत्रिन बाध्य भएका हौं ।" प्याब्सनले कार्यक्रम नै सार्वजनिक गरेर आन्दोलनमा उत्रिएको छ । पहिलो दिन साउन २९ गते स्थानीय सरकारलाई ज्ञापनपत्र बुझाउने, साउन ३० गते जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय एकाइ र जिल्ला समन्वय समितिमा ज्ञापनपत्र बुझाइने, भदौ १ गते आ-आृनो निर्वाचन क्षेत्रका संघीय सांसदहरूलाई ज्ञापनपत्र बुझाइने कार्यक्रम तय गरिएको प्याब्सनका जिल्ला सचिव गंगाबहादुर खत्रीले बताए । तल्लो तहबाटै ज्ञापनपत्र बुझाई सम्बन्धित निकायलाई विधेयक सच्याउन दवाब सिर्जना गर्ने गरी कार्यक्रम सार्वजनिक गरिएको उनको भनाई छ । यसअघि हामीले छात्रवृत्तिको रुपमा १० प्रतिशत विद्यार्थीहरूलाई भर्ना शुल्क, वार्षिक शुल्क र मासिक शुल्कमा दिँदै आएको छात्रवृत्तिप्रति प्याब्सन प्रतिबद्ध रहेको सचिव खत्रीको भनाई छ । उनले भने "यसअघि हामीले गरिरहेको योगदानको कहीँ कतै सम्बोधन भएको छैन । कुनै न कुनै बहानामा निजी विद्यालयलाई निषेध गर्न यसअघि पनि प्रयास नभएको होइन । उच्च शिक्षामा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीहरूलाई निजी विद्यालयमा अध्ययन गरेको तगारो खडा गरी छात्रवृत्तिमा नै अध्ययन गरेका विद्यार्थीलाई समेत निजी विद्यालयमा पढेकै कारण छात्रवृत्ति ऐन बमोजिम प्रदान गरिने ४५ प्रतिशत आरक्षित छात्रवृत्ति प्राप्त गर्नबाट वञ्चित गरिदै आएको छ र पूर्ण छात्रवृत्तिको नाममा कुनै न कुनै ढंगले निजी लगानीका विद्यालयहरुलाई नामेट पार्ने उद्देश्यका साथ पूर्वाग्रही ढङ्गले एकोहोरो खेदो गर्नु समग्र शैक्षिक प्रणालीलाई अस्तव्यस्त बनाउनु हो भन्ने हाम्रो बुझाई रहेको छ ।" प्याब्सनले वर्षौंदेखि शिक्षा ऐन संशोधन र निजी लगानीमा सञ्चालन गरिएका शैक्षिक संस्थाहरूलाई व्यवस्थित, मर्यादित र लगानीको सुरक्षाका बारेमा आवाज उठाउँदै आए तापनि बेवास्ता गर्दै प्रस्तावित विधेयकमा माथि उल्लेखित विषयहरू समावेश गरी अगाडि बढाएमा निजी विद्यालयहरू धरासायी हुने अवस्था बन्ने र यसले देशको शैक्षिक चक्र मात्रै होइन आर्थिक चक्रलाई समेत गम्भीर ढङ्गले असर पुऱ्याउने ज्ञापन पत्रमा उल्लेख छ । प्याब्सनका अनुसार सरकारले विद्यालय शिक्षा विधेयकका चार बुँदा संशोधन नगरे आन्दोलनको स्वरूप क्रमश: कडा बनाइनेछ । ती चार मागमा 'क्रमश: गैरनाफामूलक बनाइनेछ' भन्ने वाक्यांश हटाउनुपर्ने, 'पूर्ण छात्रवृत्ति' भन्ने शब्द हटाउनुपर्ने, हालको जम्मा विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिनुपर्ने र छात्रवृत्तिमा भर्ना शुल्क, वार्षिक शुल्क तथा मासिक पढाइ शुल्क समावेश गर्नुपर्ने व्यवस्था राख्नुपर्ने समावेश छन् । प्याब्सनका जिल्ला अध्यक्ष डाँसुराम पन्थ, नगर अध्यक्ष रुपचन्द्र थापा लगायत प्याब्सनका केन्द्रीय, प्रदेश, जिल्ला र नगरका पदाधिकारी तथा सदस्यहरुले संयुक्त रुपमा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ र शिक्षा शाखा प्रमुख कोपिला न्यौपानेलाई ज्ञापनपत्र बुझाएका हुन । ज्ञापन पत्र बुझ्दै नगर प्रमुख श्रेष्ठले शिक्षा क्षेत्रमा नीजि क्षेत्रको महत्वपूर्ण योगदान रहेको बताए । उनले प्याब्सनका माग जागज भएको र स्थानीय तहबाट गर्नुपर्ने कुराहरुमा आफुहरुले ध्यान दिने र आवश्यक माग सम्बोधनका लागि संघीय सरकारमा पठाइदिने आश्वासन दिए । प्याब्सनले अन्य स्थानीय तहमा पनि ज्ञापन पत्र बुझाएको छ । शिक्षा विधेयकमा प्रस्तावित केही प्रावधानप्रति गम्भीर असन्तुष्टि जनाउँदै प्याब्सन, हिसान, नेशनल प्याब्सन, एन प्याब्सनले तत्काल सच्याउन माग गर्दै पाल्पासहित देशैभर आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका छन् ।


## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं ।

-पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
-मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
-सडेगलेको र बासी खानेकुरा नखाऔं,
-खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
-धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
-घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
-घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
-व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# राप्ती अस्पतालमा छड्के अनुगमन

## स्वास्थ्य मन्त्रीले दिए सेवाग्राहीमा गुनासो नआउने गरी काम गर्न निर्देशन

**दाङ,** साउन २९/राप्ती प्रादेशिक अस्पतालमा लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेम बहादुर सारुले छड्के अनुगमन गरेका छन् । सेवा प्रवाहका बारेमा सेवाग्राहीबाट व्यापक गुनासो आएपछि मन्त्री सारुले अस्पतालको छड्के अनुगमन गरेका हुन् ।

स्वास्थ्यमन्त्री सारु सहित प्रदेश सचिव दुर्गालक्ष्मी श्रेष्ठ, स्वास्थ्य निर्देशनालयका निर्देशक रोशनलाल चौधरीको टोलीले राप्ती प्रादेशिक अस्पतालको आकस्मिक अनुगमन गरेको



हो । अनुगमन पश्चात मन्त्री सारुले टिकट, लाईन व्यवस्थापन, टिकट काउण्टर, टोकन सिस्टम, महिला, ज्येष्ठ नागरिक, अपांग र अशक्तहरुलाई सहुलियत, ड्यूटी तालिकालगाएतका विषयमा समस्या रहेको बताए । मन्त्री सारुले समयमा डाक्टर नआउने, अधिकांश कर्मचारीहरुले सरकारी पोशाक नलगाएका, कुनै कोठामा बत्ति समेत नभएको लगाएतका विषयमा सुधार गर्न निर्देशन दिए । मन्त्री सारुले सुरुमा आफै सेवाग्राही बनेर सेवा प्रदानबारे अनुगमन गरेका थिए । ११/१२ बजेसम्म डाक्टरहरु अस्पतालमा नआउने गुनासो सेवाग्राहीको थियो । -बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सिँचाइको व्यवस्था गर

देशका अधिकांस स्थानमा अझै पनि सिचाइँ अभावका कारण धान रोपाइँ हुन सकेको छैन । पहाडी क्षेत्रमा पानी परेकाले रोपाइँ गरिएको छ । तर, मुलुकको अन्न भण्डार भनिने तराई–मधेसमा पानी समयमै नपर्दा धेरै रोपाइँ हुन सकेको छैन । लामो खडेरीका कारण किसानले समयमै रोप्न नपाउँदा यस वर्ष उत्पादन कम हुनेमा चिन्ता व्यक्त गरेका छन् । जल सम्पदामा विश्वकै धनी देशमा गनिएर पनि किसानले त्यसको उपयोग गर्न नपाउनु दुर्भाग्य हो । भू–वनावटका आधारमा र बहुसंख्यक बासिन्दाको आम्दानीको मुख्य स्रोत भएका कारण नेपालका लागि कृषि कर्म निर्विकल्प र मुख्य पेशा हो । तर, कृषि कर्मका लागि आवश्यक पर्ने स्रोत, साधन, बजार तथा वितरणको अभाव र अव्यवस्थाले अहिले यो ऐच्छिक जस्तै बनिएको छ । त्यसकै कारण अधिकांश युवा जनशक्ति वैदेशिक रोजगारप्रति आकर्षित हुँदै गएका छन् । प्रत्येक वर्ष यो संख्या बढ्दै जाँदा हाम्रा गाउँ, बस्तीहरु आश्रित जनसंख्याको आश्रित स्थल बन्न थालेको छ । गाउँबस्तीहरु जन्ती–मलामी नभेटिने अवस्थामा पुग्नु भनेको नेपालीको गौरवका रुपमा रहेको स्वावलम्बीपन हराउनु हो । यसले नेपालीलाई परावलम्वन बनाउँदै पराधीन बनाउने जोखिम बढेर गएको छ । आफूलाई पुऱ्याएर छिमेकीहरुलाई ‘पाल्ने’ हाम्रो पुर्खाको गाथा अब दन्त्यकथा जस्तै हुन थालेको छ ।

सरकारले प्रत्येक वर्ष सिँचाइ सुविधा पुऱ्याउने भन्दै अर्बौं रुपैयाँ बजेट विनियोजन गर्छ । मुलुकभरिलाई हेर्ने हो भने सरकारले एक दर्जनभन्दा धेरै ठूला सिँचाइ आयोजनाहरू बनाइरहेको छ । यसमध्ये केही ठूला सिँचाइ आयोजना सञ्चालनमा आएका छन् । केही वर्षौं हुँदा पनि पूरा हुन सकेका छैनन् । ठूला सिँचाइबाहेकससाना सिँचाइ आयोजनाहरू पनि देशभर नै छन् । सिँचाइ सुविधा विस्तार गर्न सरकारले ठूला सिँचाइ आयोजना निर्माण गर्ने जिम्मेवारी संघीय सरकारलाई दिएको छ । यस्तै सातै प्रदेशमा सिँचाइ डिभिजन कार्यालयहरू खडा गरिएका छन् । यी कार्यालयले साना स्केलका आयोजनाहरू निर्माण गरिरहेका छन् । स्थानीय तहहरूले पनि सिँचाइका लागि कुलो निर्माण गर्न बजेट खर्च गरिरहेका छन् । यी सबैका बाबजुद पनि कुल धानखेती लगाउने जग्गामध्ये धेरैमा सिँचाइ सुविधा पुग्न सकेको छैन । किसान धानबाली लगाउन आकाशे पानीमा निर्भर छन् । यो विडम्बना कायम रहेसम्म बर्खे धान रोपाइँ गर्न किसानलाई आकाशतर्फ हेर्नुको विकल्प छैन । तसर्थ सरकारले सिचाइँ नपुगेका क्षेत्रहरुका तत्काल सिचाइँको व्यवस्था गर्न तर्फ सरकारले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

हत्या भैसको जुन दिन बोट बाट चुँडियो
अब के फरक पर्छ र फूललाई मन्दिर जाओस वा आर्यघाट ।
*(पवित्रा शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Pabitra.Sharma)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विकासका लागि वैकल्पिक वित्त



**मधुसुधन पौडेल**

नेपाल सन् २०२६ नोभेम्बरमा अतिकम विकसित मुलुकबाट स्तरोन्नती हुँदैछ । सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्न क्रियाशील छ । आगामी १२ वर्षमा २८ हजार ५ सय मेघावाट विद्युत उत्पादन गर्ने गरी उर्जा विकासको मार्गचित्र जारी भएको छ । सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जन गर्ने अन्तर्राष्ट्रिय प्रतिवद्धता गरेको छ । कनेक्टिभिटीका रेल, सडक (टनेल सहितका), हवाई, सूचना प्रविधि लगायतका ठूला पूर्वाधार आयोजना अघि बढाउने गरी सरकारको तयारी छ । यी लक्ष्य र प्रतिबद्धताहरु हासिल गर्न आगामी १० वर्षमा खर्बौं रुपैयाँको लगानी आवश्यक पर्छ । सोह्रौं योजनाले सामाजिक न्याय सहितको समृद्धि हासिल गर्ने सोच लिएको छ। पन्रौं योजना अवधिमा औसत २.६ प्रतिशतको आर्थिक वृद्धि हासिल भएकोमा सोह्रौं योजनाले न्यूनतम ६ देखि अधिकतम ७.९ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने अनुमान गरेको छ । उक्त लक्ष्य हासिल गर्न कुल लगानी (प्रचलित मूल्यमा) रु.१११ खर्ब ८४ अर्ब आवश्यक पर्ने र कुल लगानीमा सार्वजनिक क्षेत्रबाट ३०.२ प्रतिशत, निजी क्षेत्रबाट ६७.२ र सहकारी तथा सामुदायिक क्षेत्रबाट २.६ प्रतिशत रहने अनुमान गरिएको छ । चालु आर्थिक वर्ष २०८२/८३ को १९ खर्ब ६४ अर्बको बजेटमा १३ खर्ब १५ अर्ब राजस्व संकलन हुने अनुमान गरिएको छ । अनुमान गरिएको राजस्वले वार्षिक बजेटमा ६७ प्रतिशत मात्र योगदान गर्ने गरेको छ, बाँकी आन्तरिक तथा बाह्य ऋण र सानो अंशमा वैदेशिक अनुदान रहेको छ ।

चालु खर्चको अंश कुल बजेटमा ६० प्रतिशत रहेकोमा पूँजीगत खर्चको अंश निकै न्यून अर्थात ४ खर्ब प्रस्ताव गरिएको छ । अहिलेको धिमा गतिको पूँजिगत खर्चबाट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धता र पूर्वाधार विकास सम्भव देखिँदैन । वर्तमान सरकारले लिएको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्ने गरी विकास र समृद्धिका पूर्वाधार निर्माण गर्न आगामी ७-८ वर्षमा पूर्वाधार क्षेत्रमा मात्रै ७० देखि १०० खर्ब आवश्यक हुने विभिन्न अध्ययनको निश्कर्ष छ । सार्वजनिक ऋण र कुल ग्राहस्थ उत्पादन अनुपात ४३ प्रतिशत नाघि सकेको छ । ऋण परिचालनको स्पेश पनि सहज र फराकिलो अवस्थामा छैन । न्यून राजस्व परिचालनबाट ऋण सेवा दायित्व पूरा गर्न पनि सरकारलाई चाप पर्दै गएको छ । चालु आर्थिक वर्षमा सरकारले रु.५ खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने र रु.३ खर्ब ७५ अर्ब ऋण भुक्तानी गर्ने प्रस्ताव गरेको छ । यसबाट खुद ऋण परिचालन रु.२ खर्ब हाराहारी मात्रै हुन्छ । विभिन्न प्रयासका बाबजुद निजी पूँजी र प्रविधि अपेक्षित रुपमा सार्वजनिक पूर्वाधार विकासमा भित्र्याउन सकिएको छैन । चालु खर्च व्यवस्थापन गरी सरकारलाई पूर्वाधार क्षेत्रमा पहिचान गरिएका ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरव र प्राथमिकताका आयोजनाहरुको कार्यान्वयनका लागि खर्बौंको वित्तीय स्रोत जुटाउनु चुनौतीपूर्ण छ । कोभिड-१९ महामारी पश्चात् विश्व अर्थतन्त्रमा देखा परेको दबाबबाट दाता मुलुक तथा संस्थाहरु समेत प्रभावित भएका छन् र अहिले उक्त प्रभावबाट बाहिरिने प्रयासमै छन् ।

**पूर्वाधार विकासका लागि वैकल्पिक विकास वित्त परिचालन :** उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आफ्नो पद बहालीको क्रममा विकास वित्तको कमी पूरा गर्न र पूर्वाधारमा लगानी अभिवृद्धि गर्न नवीन उपकरण तथा विधिहरुको प्रयोग गर्ने गरी वैकल्पिक विकास वित्त परिचालन गर्न मार्ग चित्र सहित कानून निर्माण गर्ने पहिलो निर्णय गर्नु भएको थियो । यही निर्णयलाई कार्यान्वयन गरी मुलुकको आर्थिक विकास, रोजगारी प्रवर्द्धन तथा उच्च आर्थिक प्रतिफल दिने पूर्वाधार आयोजनामा वित्तीय लगानी गर्न नवीन स्रोतहरुको परिचालनका लागि वैकल्पिक विकास वित्त सम्बन्धी कानून निर्माणको काम अघि बढाइएको छ । सरकारले सदनमा वैकल्पिक विकास वित्त परिचालन सम्बन्धी विधेयक पेश गरेको छ । विकासका आवश्यकता पूरा गर्न परम्परागत वित्तबाट मात्र सम्भव नहुने भएकाले नवीनतम ढंगले स्रोत परिचालनमा जुट्नुपर्ने आवश्यकतालाई सार्थकता दिन यो विधेयक अगाडि बढाइएको हो । विकासका नवीन स्रोतहरुको परिचालन गरी रोजगारी सिर्जना, दिगो आर्थिक विकास, दीर्घकालीन लगानी सुनिश्चित गर्ने, निजी क्षेत्रलाई सार्वजनिक पूर्वाधार विकासमा आकर्षित गर्ने, वर्तमान वित्तीय स्रोतको कमी पूर्ति गर्दै राष्ट्रिय प्राथमिकताका परियोजनाहरुमा स्रोत जुटाई मुलुकको समग्र आर्थिक विकास गर्ने मूलभूत उद्देश्यका साथ यो कानून अघि बढाउन खोजेको देखिन्छ । परियोजनाको पहिचान, प्राथमिकीकरण, लगानीका लागि आवश्यक पर्ने आन्तरिक स्रोत, स्वदेशी तथा वैदेशिक लगानी लगायतका वित्तीय उपकरणहरुको प्रयोगमा जोड दिएको देखिन्छ । कतिपय वित्तीय स्रोत सरकारले ऋण नलिइकनै ग्यारेन्टी बसिदिए मात्रै पनि प्राप्त हुन सक्ने भएकाले निजी पूँजी, प्रविधि र ज्ञानको अधिकतम उपयोग भइ पूर्वाधार विकासमा सरकारको स्रोतमा परेको चाप र भार घट्ने सरकारी स्रोत साधनलाई प्राथमिकताका आधारमा सामाजिक विकासका क्षेत्रमा उपयोग गर्न सकिने भएकाले सरकारको स्रोत साधन दिगो, समावेशी, समन्यायिक एवम् उत्पादनमुलक बनाउन सकिन्छ ।

**अन्य मुलुकको अनुभव :** विश्वका विभिन्न मुलुकमा वैकल्पिक विकास वित्तका उपकरणहरू सफल रुपमा प्रयोगमा आएका छन्। कतिपय विकसित र विकासोन्मुख मुलुकहरुले वैकल्पिक विकास वित्तका उपकरणहरुको प्रयोगबाट पूर्वाधार क्षेत्रमा राम्रो उपलब्धि हासिल गरेका छन् । चीन, भारत, इथियोपिया, भियतनाम लगायतका मुलुकहरुले वैकल्पिक विकास वित्तको प्रयोगबाट सडक (द्रुत मार्ग), रेल (हाइ स्पीड रेल नेटवर्क), बन्दरगाह, ऊर्जा लगायतका पूर्वाधार विकास, औद्योगीकरण, सूचना तथा सञ्चार प्रविधिको विकास, कृषि प्रणालीको आधुनिकीकरण, निर्यात वृद्धि, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, पारदर्शी शासन प्रणाली र वैश्विक प्रभाव स्थापना गर्न समेत सफल भएका छन् ।

**नेपालमा वैकल्पिक विकास वित्त किन ?**
माथि नै उल्लेख गरिए जस्तो न्यून राजस्व परिचालन, न्यून पूँजीगत खर्च क्षमता, सहुलियतपूर्ण र अनुदान सहायता परिचालनमा आएको कमी, बढ्दै गएको सार्वजनिक ऋणको आकार लगायतले गर्दा पूर्वाधार विकासमा रहेको स्रोतको अन्तर कम गर्न परम्परागत स्रोतको अतिरिक्त वैकल्पिक विकास वित्त परिचालन गर्नुपर्ने आवश्यकता बढ्दै गएको छ । मुख्यरुपमा राष्ट्रिय आवश्यकता र प्राथमिकता तथा रुपान्तरणकारी आयोजनाहरूमा स्रोत जुटाउन, सार्वजनिक पूर्वाधारमा विद्यमान लगानीको खाडल पूर्ति गर्न, परम्परागत वित्तीय स्रोतले धान्न नसक्ने आयोजनाहरूमा वित्तीय अन्तर पूर्ति गर्न, सार्वजनिक ऋणको आकार बढ्दै गएको सन्दर्भमा पूर्वाधार क्षेत्रमा निजी पूँजी आकर्षण गरी सार्वजनिक ऋणमा परेका चाप कम गर्न वैकल्पिक विकास वित्त आवश्यकता र अपरिहार्यता दुवै रहेको छ । त्यसैगरी पूर्वाधार आयोजनामा दीर्घकालीन लगानी सुनिश्चित गर्न, औद्योगिक विकासका क्षेत्रहरूमा सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन गर्न, निजी क्षेत्रसँगको साझेदारीद्वारा पूँजी, दक्षता र प्रविधिको उपयोग गर्दै आयोजनाहरूको प्रभावकारिता र दिगोपन सुनिश्चित गर्न नेपालजस्तो स्तरोन्नतीको चरणमा रहेको देशका लागि यसको दिगोपनाको लागि पनि वैकल्पिक विकास वित्त जरुरी देखिन्छ ।

**वैकल्पिक विकास वित्त परिचालनका उपकरण तथा माध्यम :** प्रस्तावित कानूनमा पूर्वाधार आयोजनाहरुमा लगानी गर्न वैकल्पिक विकास वित्त कोष स्थापना गर्ने प्रस्ताव गरिएको छ । आयोजना विशेषका लागि ऋणपत्र, स्वपूँजी (इक्विटी), नेपाल सरकार वा कुनै अन्तर्राष्ट्रिय वित्तीय संस्था वा कुनै खास आयोजना कार्यान्वयन गर्ने संस्था वा निकायको जमानत लिई वा कोषको स्व:जमानत, जमानत कोष स्थापना गरेर, लगानी कोष स्थापना गरेर, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक वा गैरआवासीय नेपालीको लगानीमा विप्रेषण कोष (रेमिट फण्ड) स्थापना गरेर वैकल्पिक विकास वित्त परिचालन गर्ने लक्ष्य लिइएको छ । त्यस्तै सम्पत्ति मौद्रिकीकरण, पूर्वाधार आयोजनामा लगानी गर्न स्थापना भएका विभिन्न कोषमा लगानी गर्न एकीकृत कोष (फण्ड अफ फण्ड) स्थापना गरेर वैकल्पिक विकास वित्त परिचालन गरिने प्रस्तावित विधेयकले परिकल्पना गरेको छ ।

**उपयोगका क्षेत्रहरु :** सरकारले प्रस्ताव गरेको वैकल्पिक विकास वित्त सम्वन्धी कानूनमा एक अर्ब रुपैयाँभन्दा बढीका ऊर्जा विकास वा विद्युत उत्पादन, विद्युत प्रशारण वा वितरण, सडक निर्माण र विस्तार, रेलमार्ग निर्माण एवम् विस्तार, विमानस्थल निर्माण र सुधार, सुरुङ्ग मार्ग निर्माण र विस्तार, विशेष आर्थिक क्षेत्र, औद्योगिक पार्क, सुख्खा बन्दरगाह जस्ता पूर्वाधार निर्माण, सूचना प्रविधि पार्क, विशेष पर्यटन पूर्वाधारमा वैकल्पिक विकास वित्त लगानी गर्न सकिने व्यवस्था गरिएको छ ।

**सम्भावित जोखिम तथा चुनौती :** कोषले लगानी गर्नु अघि आयोजनाको समग्र आर्थिक तथा वित्तीय सबलता, प्रतिफलको सम्भाव्यता, रोजगारी सिर्जना क्षमता लगायतका पक्षहरुको अध्ययन गर्नुपर्ने व्यवस्था गरेको छ । यो व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन सकेमा तोकिएको समय, स्रोत र लागतमा सम्पन्न भै प्रतिफल दिन सक्ने भएकाले आयोजनाको छनौटमै मुख्य जोड दिनुपर्ने देखिन्छ । आयोजनाले लगानी शुरु गर्नु अघि पुरा गर्नुपर्ने प्रतिवद्धता र शर्तहरु प्रस्तावित कानूनमा स्पष्ट उल्लेख गरिएका छन् । यी प्रतिवद्धता र शर्तले आयोजनाको गुणस्तर, दिगोपना र प्रभावकारिता सुनिश्चति गर्ने, वातावरणीय सुरक्षा प्रवर्धन गर्ने, सामाजिक प्रभावलाई सम्बोधन गर्ने, आयोजना कार्यान्वयनमा अनुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्ने भएकाले प्रस्तावित प्रतिवद्धता र शर्तको प्रभावकारी पालनामा जोड दिनुपर्ने देखिन्छ । कोषले आवश्यकता अनुसार आयोजनाहरुलाई जमानत प्रदान गर्न सक्ने व्यवस्था प्रस्तावित ऐनमा गरिएको छ । जमानत दिन योग्य मापदण्ड, जमानत प्रदान गर्ने प्रक्रिया, अभिलेखीकरण लगायतका पक्षहरुमा विशेष ध्यान पुऱ्याउन आवश्यक हुन्छ ।

कोषको लगानीको सुरक्षा सुनिश्चित गर्न, दुरुपयोग रोक्न र ऋणीहरुलाई अनुशासित बनाउन दक्ष एवम् विज्ञ सहितको सञ्चालक समिति, रणनीतिक दृष्टिकोण, बहुपक्षीय सहकार्य, जोखिम मुल्यांकन पछि छिटो निर्णय गर्न सक्ने सक्षम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति तथा मनोनयनमा समेत ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । यो कोष स्वनियमनमा आधारित भएकाले यसको व्यवसायिक सञ्चालनका लागि सोही अनुसारका स्पष्ट मापदण्ड, कार्यविधि, सुरक्षित र गुणस्तरीय लगानीका लागि बलियो संयन्त्र बन्नु आवश्यक छ । अन्त्यमा, स्रोतको अभावमा पूर्वाधार विकासको अन्तर भोगिरहेको नेपालका लागि विकासका लक्ष्यहरू पुरा गर्न नयाँ स्रोत, उपाय र साझेदारीको प्रयोग मार्फत आर्थिक समृद्धि हासिल गर्न वैकल्पिक विकास वित्त परिचालन आवश्यक र सान्दर्भिक छ । सदनमा प्रवेश पाएको प्रस्तावित कानूनलाई शीघ्र अन्तिम रुप दिई यसको प्रभावकारी कार्यान्वयन हुन सकेमा परम्परागत स्रोतलाई सामाजिक विकासको क्षेत्रमा उपयोग गर्न सकिने र पूर्वाधार क्षेत्रमा वैकल्पिक विकास वित्त उपयोग मार्फत आर्थिक-सामाजिक रुपान्तरण सहितको ‘समृद्ध नेपाल, सुखी नेपाली’को राष्ट्रिय आकांक्षा शीघ्र पूरा गर्न सम्भव छ ।

*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जीवनशैलीमा सुधार गर्ने समय रहेको छ। आत्मविश्वासमा कमि आउनेछ। | **तुला** : व्यवसायमा औसत लाभ हुनेछ । वैदेशिक क्षेत्रको कार्य सफल हुनेछ । |
| **वृष** : धर्मकर्ममा समय व्यतीत हुनेछ। कार्यस्थलमा शत्रु सक्रिय रहनेछन्। | **वृश्चिक** : शरीरमा आलस्य आउला । अनावश्यक ठाउँमा धन खर्च होला । |
| **मिथुन** : कामहरू अगाडि बढ्नेछन् । नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । | **धनु** : इच्छाहरु पूर्ण हुन सक्छ । एक अर्कासँग केही आशा गरिरहनु हुनेछ। |
| **कर्कट** : निर्णय कार्यान्वयन हुन सक्दैनन् आफ्नो विचार विपरित निर्णय हुनेछ । | **मकर** : ठेकापट्टाको कार्यबाट लाभ उठाउन सकिनेछ। प्रतिस्पर्धामा विजय भइनेछ। |
| **सिंह** : जोशजाँगर र हिम्मत बढ्नेछ । अरुको मन जित्न पनि सकिनेछ । | **कुम्भ** : आफन्त सँगको सम्बन्धमा सुमधुर रहनेछ । तीर्थाटनको योग पनि छ । |
| **कन्या** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ । कार्य क्षेत्रमा प्रगति हुनेछ । | **मीन** : अवसर गुम्ला सावधान रहनुहोस्। पिताको सहयोग मिल्नेछ। |

## स्वास्थ्य चर्चा

# नेपालमा भयावह बन्दै 'साइलेन्ट किलर' उच्च रक्तचाप




पछिल्लो समय नेपालमा उच्च रक्तचाप (बल्डप्रेसर) का बिरामी अत्यधिक मात्रामा बढ्न थालेका छन् । 'साइलेन्ट किलर'को रूपमा फैलिएको नसर्ने यो रोग बढ्नु चिन्ताको विषय भएको चिकित्सकहरू सुनाउँछन् । अघिल्लो वर्ष साढे चार लाख बढी उच्च रक्तचापका बिरामी थपिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार गत आर्थिक वर्ष २०८०/०८१ मा ११ लाख ४५ हजार ९२६ जना उच्च रक्तचापका बिरामी हुँदा ०८१/८२ मा थपिएर १६ लाख ९ सय २६ पुगेको छ । मन्त्रालयका अनुसार ०७९/८० मा ६ लाख ३० हजार २९९, ०८०/८१ मा ११ लाख ४५ हजार ९२६ जनामा उच्च रक्तचाप देखिएको थियो । सहिद गंगालाल फदय केन्द्रका पूर्वनिर्देशक तथा मुटु रोग विशेषज्ञ डाक्टर चन्द्रमणि अधिकारी उच्च रक्तचापलाई समयमै नियन्त्रण नगरे मस्तिष्कघात भएर रक्तनली फुट्ने र बन्द हुने अवस्था आउन सक्ने भएकाले वेलैमा सचेत हुनुपर्ने सुझाउँछन् । नत्र पक्षघात हुन सक्ने उनले चेतावनी दिए । मुटु रोग विशेषज्ञ डा. रिजु मानन्धर पनि रक्तचापले मुटुको धमनीलाई कडा बनाउँदै लैजाने र फदयघातको सम्भावना बढ्ने सुनाउँछन् । त्यस्तै मिर्गौलाको कार्यक्षमतामा ह्रास ल्याई कालान्तरमा मिर्गौला फेलसमेत गराउन सक्ने, आँखाको पर्दामा रहेको रक्तनलीमा असर गरी दृष्टिसमेत गुम्ने उनले बताए । नेपालमा हरेक चार वयस्कमध्ये एक जनामा उच्च रक्तचापको समस्या रहेको स्टेप्स सर्वेक्षणले देखाएको छ । अझ सो सर्वेक्षणमा चिन्ताजनक कुरा छ भने उच्च रक्तचाप भएकामध्ये करिब ७८.८ प्रतिशत वयस्कलाई आफूलाई यो रोग लागेको छ भन्नेबारे जानकारी नै छैन । नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी) ले गरेको स्टेप्स सर्भे २०१३ मा २३.४ प्रतिशत वयस्कमा उच्च रक्तचाप देखिएको थियो । सन् २०१९ मा भने बढेर २४.५ प्रतिशत पुगेको थियो । यो तथ्यांकले हरेक पाँच वर्षमा लगभग १.१ प्रतिशतले बिरामी बढेको देखाउँछ । यो निकै डरलाग्दो संकेत भएको चिकित्सकहरू सुनाउँछन् ।

**नियन्त्रणको अवस्था झनै भयावह:** सर्वेक्षणले उच्च रक्तचापको उपचार र नियन्त्रणको अवस्था झनै कमजोर रहेको देखाएको मुटुरोग विशेषज्ञ डा. अधिकारी सुनाउँछन् । उच्च रक्तचाप भएका कुल बिरामीमध्ये केवल ४.१ प्रतिशतले मात्र नियमित उपचारमार्फत नियन्त्रणमा राख्न सकेको पाइएको छ । यस्तै ११.७ प्रतिशतलाई रोगबारे थाहा भए पनि उनीहरूले कुनै उपचार गराएका छैनन् । ४.१ प्रतिशत उपचारमा भए पनि उनीहरूको रक्तचाप नियन्त्रणबाहिर रहेको पाइएको छ । यस्तोमा अबका दिनमा उच्च रक्तचापका बिरामी झनै बढ्न सक्ने मुटुरोग विशेषज्ञ अधिकारी बताउँछन् । यसलाई नियन्त्रणमा नराखे मधुमेह, मुटु, मिर्गौला, आँखालगायत समस्या आउने उनी बताउँछन् । जसले शरीरको क्षति त हुने नै छ, आर्थिक भारसमेत बढाउने उनको भनाइ छ ।

**किन बढे बिरामी ?**

चिकित्सकहरूका अनुसार उच्च रक्तचाप फदयाघात, मस्तिष्कघात, मिर्गौला फेल र अन्धोपनको प्रमुख कारक हो । डा. अधिकारीका अनुसार धेरैजसो अवस्थामा यी रोगहरूको कुनै लक्षण देखिँदैन । र खासै धेरै स्वास्थ्य समस्या पनि नदेखिने हुँदा जँचाउने पनि नगरिएको अधिकारीको बुझाइ छ । यद्यपि स्वास्थ्य सेवाको पहुँच बढ्दै जाँदा जाँच गर्ने दर भने बढेको मानन्धर सुनाउँछन् । नेपालमा अत्यधिक मात्रामा नुन खाने गरिँदा पनि उच्च रक्तचापका बिरामी बढेका विशेषज्ञ डा. अधिकारी जिकिर गर्छन् । विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ले एक स्वस्थ व्यक्तिलाई दैनिक ५ ग्रामभन्दा कम नुन खान सिफारिस गरेको छ । स्टेप्स सर्भेले भने हरेक नेपालीले औसतमा दैनिक ९.१ ग्राम नुन खाइरहेका देखाएको छ । यस्तै विशेषज्ञ मानन्धरका अनुसार पहिले १४०/९० एमएमएचजीभन्दा माथिको रक्तचापलाई मात्र उच्च मानिन्थ्यो । अहिले अब १३०/८० भन्दा माथिलाई नै उच्च रक्तचाप मानिन्छ । अमेरिकन हार्ट एसोसिएसन र अमेरिकन स्ट्रोक एसोसिएसनको नयाँ गाइडलाइनअनुसार अब १३०/८० एमएमएचजीभन्दा माथिलाई नै उच्च रक्तचाप मानिन्छ । डा. रिजु मानन्धरले बढ्दो सचेतनाका कारण नियमित स्वास्थ्य परीक्षण गराउँदा रक्तचापका बिरामीहरू बढेका हुन सक्ने बताए । यस्तै मानिसको औसत आयु बढेसँगै लामो समयसम्म बाँच्दा उमेरका कारण हुने रोगहरू देखिँदा पनि यो दर बढेको देखिएको उनको भनाइ छ । चिकित्सकहरू बदलिँदो जीवनशैली, अस्वस्थकर खानपान र बढ्दो तनावका कारण उच्च रक्तचापको बिरामी बढेका बताउँछन् । आधुनिक जीवनशैलीले आरामदायी र निष्क्रिय बनाउँदा पनि उच्च रक्तचापका बिरामी बढेका डा. अधिकारी तर्क गर्छन् । 'पहिलेजस्तो शारीरिक हिँडडुल र व्यायामको कमीले गर्दा शरीरमा आलस्य बढेको छ, जसले रक्तचाप बढाउन सहयोग गरेको छ । अर्गानिक खानेकुराको ठाउँमा बजारमा पाइने जंक फुड र प्रशोधित खानपान बढेकाले अन्य रोगहरू सँगै उच्च रक्तचाप बिरामी बढे ।' बढ्दो सचेतना पहिलेको तुलनामा मानिसहरू आफ्नो स्वास्थ्यप्रति बढी सचेत भएका छन् । नियमित स्वास्थ्य परीक्षण गराउने चलन बढेकाले लुकेर रहेका रक्तचापका बिरामीहरू पनि पहिचान हुन थालेको उनले बताए । मानिसको औसत आयु बढेसँगै लामो समयसम्म बाँच्दा उमेरका कारण हुने रोगहरू देखिने सम्भावना पनि बढेको छ । *-रातोपाटी डटकम*


# नियमित पानीपुरी र चटपटे खाँदा के हुन्छ ?



चटपट पानी पुरी, नाम सुन्नासाथै मुख रसाउँछ । यो धेरैलाई मनपर्ने खाने कुरा हो । पानी पुरी नेपाली तथा भारतीय सडक खाद्य संस्कृतिको अभिन्न हिस्सा बनिसकेको छ । विशेषगरी युवापुस्तामाझ अत्यन्त लोकप्रिय छ । यसको तीखो, अमिलो, चटपटे स्वादले सबैलाई लोभ्याउँछ । तर स्वादका पछाडि लुकेको स्वास्थ्य जोखिमबारे भने धेरैले ध्यान दिँदैनन् । खासगरी खुला ठाउँमा बेचिने पानी पुरीमा प्रयोग हुने पानी, मसला, गोलगप्पा, र अन्य सामग्रीहरू धेरैजसो असुरक्षित तथा फोहोर हुन्छन् । सफा देखिए पनि त्यहाँ प्रयोग हुने पानी सिधै नलबाट नलिइएको, कहिलेकाहीँ दूषित बोरिङ वा ट्यांकीको पानी हुन सक्छ । जसबाट हैजा, झाडापखाला, टाइफाइड, पेटका किरा, र पाचन प्रणालीसँग सम्बन्धित अन्य गम्भीर रोगहरू सर्न सक्छन् । अझ कतिपय अवस्थामा पानी पुरिमा प्रयोग गरिने अमिलो पानीमा कृत्रिम एसिड, नुन, र मसलाको मात्रा अत्यधिक हुन्छ । जुन लगातार सेवन गर्दा शरीरमा ग्यास, एसिडिटी, अपच, छालामा एलर्जी, पेट दुख्ने, वा क्रोनिक ग्याष्ट्रिक जस्ता समस्याहरू निम्त्याउँछ । यदि तपाईं पानी चटपट पानीपुरी खानुहुन्छ भने, सफा र विश्वासिलो स्थानमा मात्र खानुहोस्, अनि नियमित रूपमा होइन, बेलाबेलामा मात्र स्वादका लागि सीमित गर्नुहोस्। स्वादको नाममा स्वास्थ्यको जोखिम लिनु कहिल्यै पनि बुद्धिमानी हुँदैन ।

*-हिमालय टाइम्स डटकम*

# किन रिसाउँछन् बालबालिका ?



रिस देखाउने बालबालिकाका आ-आफ्नै तरिका हुन्छन् । कोही रुन्छन्, कोही धुम्म परेर बस्छन्, भुइँमा लडिबुडी गर्ने, नजिकै भएका व्यक्तिलाई कुट्ने, टोक्ने, सामान फालदिने, खानेकुरा घोप्ट्याउने, आमाको दूध खाइरहेका बेला रिस उठ्दा दूध टोकिदिने समेत गरिरहेका हुन्छन् । साँच्चै सानो कुरामा पनि बोली नफुट्दैदेखि बालबालिका निकै रिसाउँछन् । किन यति धेरै रिसाउँछन् त बालबालिका, यसमा उनीहरूको कस्तो मनोविज्ञानले काम गरेको हुन्छ ? बालबालिकाको रिस एक स्वाभाविक भावना हो, जुन उनीहरूको भावनात्मक विकासको हिस्सा हो । रिस, वयस्कहरूमा जस्तै, बालबालिकामा पनि विभिन्न कारणले उत्पन्न हुन्छ, तर उनीहरूको रिसको अभिव्यक्ति र व्यवस्थापन प्राय: फरक हुन्छ किनभने उनीहरूको मस्तिष्क र भावनात्मक नियन्त्रण प्रणाली पूर्णरूपमा विकसित भएको हुँदैन । मनोवैज्ञानिक दृष्टिकोणबाट, बालबालिकाको रिसलाई बुझ्न र सम्बोधन गर्न विभिन्न सिद्धान्त र अनुसन्धानहरूले महत्त्वपूर्ण योगदान दिएका छन् ।

**किन उत्पन्न हुन्छ रिस ?**

रिस एक आधारभूत मानवीय भावना हो, जुन कुनै बाधा, असन्तुष्टि, अन्याय वा अपेक्षा पूरा नहुँदा उत्पन्न हुन्छ । मनोविज्ञानका विज्ञ सिग्मन्ड फ्रायडका अनुसार, रिस एक रक्षा संयन्त्र हो, जसले व्यक्तिलाई तनाव वा असहज परिस्थितिबाट बचाउन काम गर्छ । बालबालिकाको सन्दर्भमा, रिस प्राय: उनीहरूको सीमित संज्ञानात्मक र भावनात्मक क्षमता, वातावरणीय प्रभाव र सामाजिक अन्तरक्रियाबाट उत्पन्न हुन्छ । निर्णय लिने, भावना नियन्त्रण गर्ने र तार्किक क्षमता हुने मस्तिष्कको भाग 'प्रिफ्रन्टल कोर्टेक्स' बालबालिकामा पूर्ण विकसित भएको हुँदैन । प्रिफ्रन्टल कोर्टेक्स किशोर अवस्था सम्म पनि परिपक्क नहुने न्यूरोसाइन्सका अनुसन्धानहरूले देखाएका छन् । त्यसैले, जब बालबालिकालाई रिस उठ्छ, उनीहरूले तत्काल प्रतिक्रिया दिन्छन्, जस्तै-: चिच्याउने, रुने, लड्ने, कुनै वस्तु फाल्ने वा जे भेटिन्छ त्यहीले हान्ने । यो किन हुन्छ भने, उनीहरूमा भावनालाई नियन्त्रण गर्ने वा तार्किक रूपमा विश्लेषण गर्ने क्षमता कम हुन्छ । बालबालिका रिसाउनका प्रमुख कारण

**१.शारीरिक आवश्यकता पूरा नहुँदा :** भोक, थकान, निद्रा नपुगेको अवस्थामाबालबालिकालाई चिडचिडाहट र रिसको अवस्थामा पुऱ्याउँछ। उदाहरणका लागि, साना बालबालिकाहरू भोक लाग्दा वा थकान महसुस गर्दा रुने वा चिच्याउने गर्छन् । यो उनीहरूको मस्तिष्कको अमिग्डालाको सक्रियताले हुन्छ, जसले तनाव र भावनात्मक प्रतिक्रियालाई नियन्त्रण गर्छ ।

**२.हार्मोनल परिवर्तन :** यो समस्या विशेष गरी किशोरावस्थामा हुन्छ । यो बेला हार्मोनमा हुने परिवर्तनले पनि रिस र चिडचिडाहट बढाउँछ । यो साना बालबालिकामा कम लागू हुन्छ ।

**३.वंशाणुगत प्रभाव :** बच्चामा धेरै रिस उठ्ने स्वभाव हुनुमा वंशाणुगत पनि जिम्मेवार हुने अध्ययनहरूले देखाएका छन् । बाबुआमा वा दुईमध्ये कोही धेरै रिसाउने छ भने, बालबालिकालाई पनि धेरै रिस उठ्ने ती अध्ययनले भनेका छन् । यदि अभिभावकहरूमा रिसको व्यवस्थापन कमजोर छ भने, बालबालिकामा पनि यस्तो व्यवहार देखिन सक्छ ।

**४.अपेक्षा पूरा नहुनु :** धेरैजसो बालबालिका रिसाउन कारण हो, उनीहरूको अपेक्षा पूरा नहुनु । बच्चाले कुनै कुरा माग्छ वा कतै जान ढिपी गर्छ र उसको इच्छा पूरा हुँदैन भने धेरै रिसाउँछ । यो मनोवैज्ञानिक सिद्धान्त 'फ्रस्ट्रेशन-एग्रेसन हाइपोथेसिस'सँग सम्बन्धित छ, जसले भन्छ कि बाधा वा असफलताले रिस वा आक्रामक व्यवहार निम्त्याउँछ ।

**५.आत्मसम्मान र नियन्त्रणको अभाव :** बालबालिकाले आफूलाई नियन्त्रण गर्न नसकेको वा असहाय महसुस गर्दा रिस उत्पन्न हुन्छ । उदाहरणका लागि, यदि कुनै बच्चालाई गृहकार्य गर्न गाह्रो भयो भने, उसले रिसले किताब फाल्न सक्छ ।

**६.सिकाइ तथा नक्कल :** मनोवैज्ञानिक अल्बर्ट बान्डुराको सामाजिक सिकाइ सिद्धान्त अनुसार, बालबालिकाले वरपरका मानिसहरूको व्यवहारबाट सिक्छन् । यदि अभिभावक वा साथीहरूले रिसलाई आक्रामक रूपमा व्यक्त गर्छन् भने, बालबालिकाले पनि त्यही व्यवहार सिक्छन् ।

**७.परिवारिक तथा सामाजिक वातावरण :** घरको अवस्था तनावपूर्ण छ, अभिभावकको झगडा भइरहन्छ, अभिभावक वा आफू भन्दा ठूला मान्छेले बालबालिकालाई कडा व्यवहार देखाउँछन् भने पनि यसले बालबालिकालाई रिस उठ्ने बनाउन सक्छ । यदि अभिभावकले बारम्बार गाली गर्छन् भने, उनीहरूलाई तनाव दिइरहन्छन्, अपमानित गर्छन् भने त्यसको प्रतिकारमा बालबालिकाले रिस देखाउँछन् । यही क्रम निरन्तर चलिरहँदा बच्चामा धेरै रिसाउन बानी पर्न जान्छ । यो कुरा परिवारमा मात्रै नभएर स्कूल तथा टोलछिमेकको वातावरणमा पनि लागू हुन्छ । साथी, शिक्षक वा वरपरका कसैले बच्चालाई सताउने उदाहरणका लागि, यदि कुनै बच्चालाई साथीहरूले जिस्काउँछन् भने, चिड्याउने, सताउने गर्छ भने बालबालिकामा बिद्रोही भावना विकास हुन्छ । उसले, रिस र आक्रामक व्यवहार देखाउन सक्छ ।

**८.प्रविधिको प्रभाव :** टिभी तथा अनलाइनहरूमा हिंसक खालका भिडियोहरू हेर्ने, यस खालका गेम खेल्ने बालबालिकामा त्यसको प्रभाव र सिको गरेर धेरै रिसाउने, आक्रामक व्यवहार देखाउने समस्या हुनसक्छ । उत्तेजित भिडियो तथा गेमहरूले बालबालिकाको भावनात्मक नियन्त्रणलाई कमजोर बनाउँछ ।

**रिसको मनोवैज्ञानिक सिद्धान्तहरू**

बालबालिकाको रिसलाई बुझ्न विभिन्न मनोवैज्ञानिक सिद्धान्तहरूले सहयोग गर्छन् ।

**१. मास्लोको आवश्यकता श्रेणी सिद्धान्त :** अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोको सिद्धान्तअनुसार, यदि बालबालिकाको आधारभूत आवश्यकता (खाना, सुरक्षा, माया) पूरा हुँदैन भने, उनीहरूमा रिस वा चिडचिडाहट उत्पन्न हुन्छ। यदि बच्चालाई पर्याप्त माया वा ध्यान प्राप्त हुँदैन भने, उसले रिसाएर ध्यान खिच्ने प्रयास गर्छ ।

**२.एरिक्सनको मनोसामाजिक विकास सिद्धान्त :** जर्मन मनोविश्लेषक एरिक एरिक्सनका अनुसार, बालबालिकाले विभिन्न उमेरमा विभिन्न मनोसामाजिक चुनौतीहरूको सामना गर्छन् । उदाहरणका लागि, २-३ वर्षका बालबालिकाहरू स्वतन्त्रता खोज्छन् । यदि उनीहरूले आफ्नो स्वतन्त्रता प्रयोग गर्न पाउँदैनन् भने, रिस वा जिद्दीपन देखाउँछन् ।

**३ पियाजेको संज्ञानात्मक विकास सिद्धान्त :** स्वीस स्विस मनोवैज्ञानिक जीन पियाजेको सिद्धान्तअनुसार बालबालिकाको संज्ञानात्मक विकासले उनीहरूको भावनात्मक प्रतिक्रियालाई प्रभावित गर्छ । साना बालबालिकाहरूमा आफूकेन्द्रित सोच हुन्छ, जसले उनीहरूलाई अरूको दृष्टिकोण बुझ्न गाह्रो बनाउँछ। फलस्वरूप, उनीहरू सानो कुरामा पनि रिसाउँछन् ।

**रिसको प्रभाव :** बालबालिकाले रिसलाई विभिन्न तरिकाले व्यक्त गर्छन्,

-हातपात, चीजहरू फाल्ने, वा लात हान्ने।

-चिच्याउने, गाली गर्ने, वा रुने ।

-बोल्न बन्द गर्ने, एक्लै बस्ने, वा जिद्दी गर्ने । रिसको अनियन्त्रित अभिव्यक्तिले बालबालिकाको मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र पढाइमासमेत नकारात्मक प्रभाव पार्न सक्छ । पछि यो डिप्रेसन, चिन्ता वा आक्रामक व्यक्तित्वको विकासमा पनि परिणत हुन सक्छ ।

**रिस व्यवस्थापनका उपाय:**

-बालबालिकालाई आफ्नो भावना रिस, दु:ख, खुसी पहिचान गर्न र व्यक्त गर्न सिकाउनुपर्छ । उनीहरूको मनमा रहेको कुरा ध्यानपूर्वक सुन्ने, उनीहरूको अवस्थामा गम्भीर हुने र परिस्थितिको बोध गराउने । यदि बालबालिकाले सम्भव नभएका कुरा गर्न भन्छन् भने, किन सम्भव भएन त्यसबारे नम्र तरिकाले बुझाउँदा धेरैजसो बालबालिका कन्भिन्स हुन्छन् ।

-बालबालिकाले रिस देखायो भने आफू नरिसाउने, त्यसलाई सामान्यिकरण गरी रिस शान्त बनाउन भूमिका खेल्ने ।

-अभिभावकले आफ्नो रिसलाई शान्त गर्ने, बालबालिकाको अगाडि रिस नदेदाउने, उनीहरूलाई कडा व्यवहार नगर्ने, समस्या भएमा तार्किक तरिकाले त्यसलाई व्यवस्थापन गरेर बालबालिकालाई सकारात्मक उदाहरण देखाउन सकिन्छ ।

-समाजमा धेरै यस्ता मान्छे हुन्छन्, जो बालबालिकालाई जिस्क्याउने, चिड्याउने, तर्साउने गर्दा रमाइलो मान्छन्, त्यो खालका व्यवहारले बालबालिका धेरै रिसाउन सक्छन् । यदी हामीमा त्यो खालको बानी छ भने त्यसलाई त्याग्नु राम्रो । त्यस खालका व्यक्ति छन् भने अभिभावकले त्यसो नगर्ने भनेर सम्झाउनु राम्रो हुन्छ ।

-नियमित दिनचर्या, पर्याप्त निद्रा र स्वस्थ खानाले बालबालिकाको चिडचिडाहट कम गर्छ, जसले रिसाउने भावनामा कमी आउँछ ।

-बालबालिका बुझ्ने उमेरको छ भने उसलाई रिसबाट हुने हानिबारे सम्झाउनु राम्रो हुन्छ । धेरै रिसाउँदा कसरी हानी हुन्छ भन्ने कुरा कुनै प्रसंग वा कथासँग जोडेर पनि सिकाउन सकिन्छ । यसले बालबालिकामा रिस नियन्त्रण गर्नुपर्छ भन्ने भावनाको विकास गराउँछ ।

*-अनलाइन खबर डटकम*

# अवरुद्ध कालीगण्डकी करिडोर दुई दिनपछि सञ्चालन



**गुल्मी,** साउन २९/लगातारको वर्षाका कारण पहिरो गएपछि बुधबार बिहानदेखि अवरुद्ध बनेको कालीगण्डकी करिडोर सडक सञ्चालनमा आएको छ । कालीगण्डकी करिडोर सडकअन्तर्गत गुल्मीखण्डको कालीगण्डकी गाउँपालिका-२ स्थित राक्सेमा सडक माथिबाट चट्टानसहितको पहिरो खसेपछि उक्त सडक दुई दिनदेखि पुर्णरुपमा अवरुद्ध बनेको थियो ।

अवरुद्ध सडक सञ्चालन गर्नका लागि उक्त क्षेत्रमा काम गर्दै आएको सडक निर्माण कम्पनीले स्काभेटरको माध्यमबाट सडकमा थुप्रिएको पहिरो पन्छ्याएपछि विहीबार दिउँसोदेखि उक्त सडक पूर्ण रुपमा सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकरी गङ्गाबहादुर सारुले जानकारी दिए । त्यसैगरी अविरल वर्षाका कारण पहिरो जाँदा विहीबार बिहानदेखि अवरुद्ध मदनभण्डारी राजमार्ग सडकअन्तर्गत गुल्मीको रिडी-तम्घास सडक भने अझै सञ्चालनमा आउन सकेको छैन । उक्त सडकखण्डअन्तर्गत रुरुक्षेत्र गाउँपालिका-३ स्थित बाख्रे भीरमा सडक माथिबाट पहिरो खसेपछि सडक अवरुद्ध बनेको हो । अवरुद्ध सडक सञ्चालनका लागि प्रयास भइरहे पनि पानी पहिररहेको र सडक माथिबाट पहिरो खस्ने क्रम नरोकिएकाले सडक सञ्चालन गर्न समस्या परेको सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक सारुले जानकारी दिए । सडक अवरुद्ध बनेपछि अहिले त्यस क्षेत्रमा रुरुक्षेत्र-३ स्थित पानी ट्यङ्कीबाट थोर्गाहुँदै सालबिसौनाको वैकल्पिक सडक प्रयोग गरि सवारी साधन सञ्चालन भइरहेका छन् । मदनभण्डारी राजमार्गअन्तर्गत रिडी-तम्घास सडकखण्डमा समानान्तर जेभी र इलाइट कम्पनीद्वारा २५ किलोमिटर सडक फराकिलो र कालोपत्रको काम भइरहेको छ । गुल्मीसहित आसपासका क्षेत्रमा तीन दिनदेखि निरन्तर रूपमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । निरन्तर वर्षाका कारण बडिगाड खोला र कालीगण्डकी नदी किनारमा पानीको सतह बढ्दै गएको छ । बाढी र पहिरोको जोखिम बढ्नसक्ने भन्दै जिल्ला प्रशासन कार्यालयले तटीय क्षेत्रका नागरिकलाई सचेत रहन र सुरक्षित स्थानमा बसोबास गर्न आग्रह गर्दै आइरहेको छ । *-रासस*


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


खेलकुद समाचार

## काठमाडौंले ल्यायो दोस्रो विदेशी खेलाडी



**काठमाडौ,** साउन २९/एभरेष्ट महिला भलिबल लिग (इडब्लुभी) का लागि काठमाडौं स्पाइकर्सले काजखस्तानकी खेलाडी अलेना कोलोतीजिनालाई अनुबन्ध गरेको छ । काठमाडौं स्पाइकर्सले दोस्रो विदेशी खेलाडीको रुपमा अलेनाको नाम घोषणा गरेको हो । काठमाडौं स्पाइकर्सले यसअघि बुल्गेरियन सेटर नेकोभा निकोलाएभालाई अनुबन्ध गरिसकेको छ । २९ वर्षीय अलेनाले अपोजिट हिटर हुन् । अलेनाले काजखस्तानको भिसी कौन्यास र अरु अस्तानाबाट खेलिसकेकी छन् । उनले एभिसी महिला च्याम्पियन्स लिग समेत खेलिसकेकी छन् । एभरेष्ट महिला भलिबल लिगका लागि तीन विदेशी खेलाडी अनुबन्ध गर्न प्रावधान छ। तेस्रो तथा अन्तिम विदेशी खेलाडी पनि छिटै घोषणा गर्ने काठमाडौंको भनाइ छ । पहिलो संस्करणको लिगमा तेस्रो भएको काठमाडौं स्पाइकर्सले दोस्रो सिजन अझ बलियो भएर आउने र कोर्टमा उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्य राखेको छ। दोस्रो संस्करणका लागि काठमाडौंले लोक बहादुर बुढालाई मुख्य प्रशिक्षक नियुक्त गरेको छ । नेपाली राष्ट्रिय महिला भलिबल टिमकी मुख्य स्पाइकर उषा भण्डारी मार्की प्लेअर रहेको काठमाडौं स्पाइकर्समा मनिषा चौधरी, यमुना रसाइँली, रिमा कुँवर, बाल्मिका आचार्य, कमला पुन, आशिका क्षेत्री, भुवनेश्वरी चन्द छन् । लिगको दोस्रो सिजन आगामी भदौ २० देखि २८ गतेसम्म पोखरामा हुनेछ ।

अर्थ/कर्पोरेट समाचार

## तानसेनमा भैरव सुज हाउस सञ्चालनमा



**पाल्पा,** साउन २९/जिल्लाको सदरमुकाम तानसेनमा भैरव सुज हाउस सञ्चालनमा आएको छ । यहाँको चार जना युवाहरु मिलेर सुज हाउस सञ्चालनमा ल्याएका हुन् ।

सुज हाउसको विहीबार एक औपचारिक कार्यक्रमकाबिच प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी र पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले रिवन काटेर शुभारम्भ गरेका छन् । हाउसको शुभारम्भ गर्दै प्रमुख जिल्ला अधिकारी सुवेदीले सुपथ मूल्यमा गुणस्तरीय र ग्राहकको चाहाना अनुसार व्यवसाय गर्न आग्रह गरे । उनले दर्ता गरी कानुनी प्रक्रिया अनुसार व्यवसाय सञ्चालन गर्न आवश्यक परे सहजीकरणका लागि आफुले सहयोग गर्ने बताए । प्रमुख जिल्ला अधिकारी सुवेदीले युवाहरु विदेश पलायन भइरहेका बेला केही युवाहरुले स्वदेशमै लगानी गरेर व्यवसाय सुरु गर्नु सकारात्मक सन्देश रहेको उल्लेख गरे । पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले व्यवसायिक सफलताको शुभकामना व्यक्त गर्दै व्यवसायी सञ्चालनले देशमै सम्भावनाहरु नदेखेर युवाहरु विदेशी रहेका बेला यहि केही गर्न सकिन्छ भन्ने सम्भावनाको संकेत गरेको बताए । हाउसका सञ्चालक बिनोद न्यौपानेले आफुलाई मन परेको चुत्ता पाल्पामा नपाएपछि काठमाडौमा गएर किन्नु पर्ने अवस्थालाई ध्यानमा राखेर आफु जस्ता ग्राहकहरुका लागि यही नै सुविधान दिने उद्देश्यले व्यवसायी सञ्चालन गरिएको बताए । उनले आफु लामो समय जापनमा बसेर मासिक ५/६ लाख कमाउदै आए पनि त्यहाँ छोडेर स्वदेशमै केही गर्नुपर्छ भन्ने लागेर यहाँ आइ व्यवसाय सुरु गरेको उल्लेख गरे । अर्का सञ्चालक दुर्गा गैरेले एकै किसिमका जुत्ता एकै ठाउँमा पाउन सकिने बताए । अर्का सञ्चालक जीवन पाण्डेले ४० लाखको लगानीमा सुज हाउस सञ्चालनमा ल्याइएको बताए । यहाँ सबै किसिमका जुत्ताहरु सुपथ मल्यमा पाउन सकिने अर्का सञ्चालक दिपु घिमिरेले जानकारी दिए । हाउसका सञ्चालक बिनोद न्यौपानेको अध्यक्षता, दुर्गा गैरेको स्वागत, जीवन पाण्डेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## राप्ती अस्पतालमा...

...छात्रवृत्रि करारका केही डाक्टरहरु मात्र अस्पतालमा समयमा आउने तर धेरैजसो स्थाई डाक्टरहरु समयमा नआउने, चाँडै जाने, सरकारी अस्पतालमा भन्दा व्यक्तिगत अस्पतालमा समय दिने सेवाग्राहीको गुनासो थियो । बिरामीहरुसँग अस्पतालको सेवा प्रवाह र चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले गर्ने व्यवहार बुझ्दै मन्त्री सारुले बिरामी संग राम्रो व्यवहार गर्न कर्मचारीहरुलाई निर्देशन दिए । "बिरामीको सुविधाका लागि काउण्टर विस्तार तथा भिड व्यवस्थापन गर्न योजना बनाएर कार्यान्वयन गर्नुस् ।" मन्त्री सारुले भने । "हरेक दिन बिहान कर्मचारीहरुले कन्फ्रेन्स गरेर मात्र सेवा सुचारु गर्नुस्, त्यसको समीक्षा गर्नुस् र कार्यालय प्रमुखलाई जानकारी दिनुस् ।" मन्त्री सारुले स्वास्थ्य मन्त्रालयको स्विकृति लिएर मात्र सरकारी अस्पताल भन्दा बाहिर अभ्यास गर्ने विषय कडाईका साथ लागु गर्न अस्पताल प्रमुखलाई निर्देशन दिए । लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयका प्रदेश सचिव दुर्गालक्ष्मी श्रेष्ठले पुर्ण रुपमा ईहाजिरि लागु गर्नुपर्ने, ड्रेस कोडको पालना गर्नुपर्ने, कर्मचारीको उपस्थिति समय, डाक्टरहरु पुरा समय अस्पतालमा बस्नुपर्ने, फार्मेसीमा अभाव भएका औषधीको परिपुर्तीगर्नुपर्ने लगाएतका विषयमा अस्पताल प्रशासनको ध्यानाकर्षण गराईन् । उनले डाक्टरहरुलाई अस्पतालमा पुरा समय विताउन र बिरामीलाई सेवा दिन निर्देशन दिईन् । अस्पतालका मेसु पदमराज अधिकारीले प्राप्त सुझावहरु ईमान्दारिताका साथ पालना गर्ने बताए । उनले सिमित श्रोत र साधनका बीच अस्पतालको व्यवस्थापनलाई चुस्त, सहज र प्रभावकारी बनाउने प्रयास गरिरहेको उल्लेख गरे ।

*-विजयकुमार बौडेलबाट*


### तानसेन बहुमुखी क्याम्पसमा BBA, BEd, BA मा भर्ना खुल्यो

**तानसेन बहुमुखी क्याम्पस तानसेन ७, काजीपौवामा स्नातक प्रथम वर्ष BBA, BEd, BA मा भर्ना खुलेकाले छिटो सम्पर्क गर्नुहोला ।**

**हाम्रा सेवाहरु :**

-सुविधा सम्पन्न आधुनिक आफ्नै भवन भएको
-बजारको कोलाहलबाट मुक्त, शान्त र रमणीय वातावरणमा कक्षा सञ्चालन
-न्यूनतम शिक्षण शुल्कमा गुणस्तरीय शिक्षा दिदै आएको
-न्यूनतम शुल्कमा क्याम्पस बसको सुविधा भएको
-प्रत्येक विद्यार्थीलाई कक्षागत एक सेट पुस्तक प्रदान गरिएको
- विद्यार्थीहरुलाई विविध क्षेत्रमा छात्रवृत्ति सुविधा रहेको
-आधुनिक विद्युतीय प्रविधिको प्रयोगद्वारा कक्षा सञ्चालन हुने
-अतिरिक्त क्रियाकलापका लागि पर्याप्त व्यवस्थापन

सम्पर्क नं. : (०७५-५२२४५०/९८५७०७७३१६/९८४७०३०९४५/९८५७०६०७२६/९८५७०६०८९०)



तानसेन बहुमुखी क्याम्पस

तानसेन -७, काजीपौवा, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई